**Invitation for Sealed Tender**

# आवुखैरेनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यलय

आवुँखैरेनी,तनहुँ ।

## ब्याकहो लोडर (BACKHOE LOADER) खरिद कार्यको लागि बोलपत्र आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६।०१।२०**

यस कार्यालयको लागि तपशिल बमोजिमका खरिद कार्य गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत ( मान्यता) प्राप्त उत्पादक/कम्पनी/ अधिकृत विक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक खुल्ला बोलपत्र आब्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सवैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र चालु आ.व. का लागि नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. ०७४।०७५ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. खरिद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र शिलवन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधीहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयानुसार हुनेछ ।

४. बोलपत्र साथ जमानत वापतको रु.१,१२,५००।००(अक्षरेपि एक लाख पाँच हजार रुपैया मात्र) हुन आउने रकम माछापुच्छ्रे बैंक लि.,आवँखैरेनी तनहुँ स्थित शाखामा यस कार्यालयको धरौटी खाता नम्बर २७०१५२४६१८४५४०४१ ग-३-१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बरावरको यस कार्यालयको नाममा नेपाल राष्ट्रिय बैंक 'क' वर्ग ईजाजत प्राप्तबाट जारी गरिएको विडवण्ड (Bid Bond) ( बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नुपर्नेछ ।

५. म्याद नाघि आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

६. बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मुल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएकोमा केरमेट भएको ठाँउमा सहीछाप भएको हुनुपर्नेछ ।

७. तनहूं आवूंखैरेनी भित्र आफ्नो सर्भिसिङ्ग सेन्टर स्थापना भएको हूनूपर्नेछ ।

८. यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सवै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेखित नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछ ।

११. बोलपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नागरिक समाज तथा सञ्चारकर्मी समेतको उपस्थितिको लागि अनुरोध गरिएको छ ।

१. शिलवन्दी बोलपत्रको कामको विवरण निम्न अनुसारको हुनुपर्नेछ ।

| ठेक्का नम्बर | कामको विवरण | जमानत बापतको धरौटी रकम | बोलपत्र फारम दस्तुर रकम |
|---|---|---|---|
| PBL/NCB/१२/२०७५/०७६ | बोलपत्र कागजातमा संलग्न स्पेशिफिकेशन तथा लागत अनुमान अनुसारको ब्याकहो लोडर आपूर्ति कार्य(Power Output at least 90 hp,Torque Not less than 400 nm) | रु १,१२,५००।०० | ३,०००।- |

आवुँखैरेनी गाउँपालिका कार्यलय